# भद्रपुर नगरपालिका कार्यालय
## भद्रपुर, झापा

# लेखापरीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७०/०७१

C/P NO.98 Firm Reg.No.17
.AGRAWAL & Co.
...ered Accountants
...No. 300717303
Bhadrapur-3,
Jhapa (Nepal)
Tel :- 520228, 541163
Email : agrawal_sk@wlink.com.np

श्री भद्रपुर नगरपालिका कार्यालय,
भद्रपुर, झापा ।

मिति :-२०७१/०९/२३

## लेखापरिक्षण प्रतिवेदन ।

महोदय,

भद्रपुर नगरपालिका कार्यालय, भद्रपुर, झापाले आ.व.०७०/०७१ (श्रावण-आषाढ) मा भए गरेको आर्थिक कारोबारको अन्तिम लेखापरिक्षण गर्न मिति २०७१/०६/१२, च.न ५४७ को पत्रबाट हाम्रो लेखापरीक्षण फर्मलाई नियुक्त गरेको आधारमा मिति २०७१/०६/३१ गते हामीबिच भएको सम्झौता अनुसार उक्त अवधिको लेखापरीक्षण गर्ने सन्दर्भमा हाम्रो सामु पेश भएसम्मका चालु, पूँजिगत, आन्तरिक, तथा दातृ निकाय आन्दानी खाताहरु, पूँजीगत तथा चालु खर्च खाताहरु, सामाजिक परिचालन, मर्मत सम्भार, स्थानीय विकास घुम्ती, प्रकोप व्यवस्थापन तथा कर्मचारी कल्याण कोष खाताहरु, धरौटी खाताहरुको आम्दानी खर्च तथा विवरणहरु नगरपालिकावाट संचालन भएका योजनाहरु, जिन्सी कोष खाताहरुका बैंक नगदी खाताहरु तथा पेश्की, धरौटी, विवरणहरु तथा लेखापरीक्षण गर्न अन्य आवश्यक कागजातहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरुको उत्तरदायित्व नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरपालिका व्यवस्थापनले तैयार गरेका उक्त वित्तिय विवरण उपर लेखापरीक्षणका आधारमा हाम्रो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल सरकारले जारी गरेको आर्थिक ऐन नियम, स्वायत्त शासन ऐन नियम आर्थिक नियमावली तथा लेखापरिक्षणको सर्वमान्य प्रचलनको आधारमा हामीले लेखापरिक्षण गर्ने कार्य सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि आर्थिक ऐन नियम, स्वायत्त शासन ऐन, नियम आर्थिक नियमावली तथा सर्वमान्य प्रचलनमा रहेको लेखा मार्गदर्शन अनुसार लेखापरिक्षण योजना तैयार गरी सो अनुसार लेखापरिक्षण सम्पन्न भएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरिक्षणमा समावेश छ । भद्रपुर नगरपालिकाले अवलम्बन गरेको लेखा सिद्धान्त व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीले समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश भएको छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो रायमा उपर्युक्त वित्तीय विवरणले आषाढ ३१, २०७१ र सो मितिमा समाप्त भएको आर्थिक वर्षको आर्थिक स्थिति कारोबार तथा बैंक नगदी खाताले सबै सारभुत कुराको यथार्थ चित्रण गरेको र नेपाल सरकारले जारी गरेको आर्थिक नीति एवं आर्थिक ऐन नियम, स्थानीय स्वायत्त शासन ऐन नियम आर्थिक नियमावली अनुसार नगरपालिका व्यवस्थापनले उक्त अवधिको आर्थिक कारोवार सञ्चालन गरेको देखिन्छ ।

भद्रपुर नगरपालिका कार्यालय
दर्ता नं ..........
मिति : ..........

S.K.AGRAWAL & CO.
Birtamode-7
Jhapa
CHARTERED ACCOUNTANT

..........................
सुशील कुमार अग्रवाल
(चार्टर्ड एकाउन्टेन्ट)
एस.के.अग्रवाल एण्ड कम्पनी
भद्रपुर - ७

# भद्रपुर नगरपालिका कार्यालय
# भद्रपुर, झापा
## आर्थीक वर्ष २०७०/०७१ को
## आर्थिक प्रशासन सञ्चालनका
## प्रमुख नीतिहरु

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४८ को उपदफा ७ अनुसारको अनूसुचि -२६ सँग सम्बन्धित विषयहरुको सन्दर्भमा यस नगरपालिकाले आर्थिक वर्ष २०७०/०७१ को आर्थिक कारोवार लेखा परीक्षण गर्दा निम्न अनुसार रहेको पाईयो ।

१) लेखा परीक्षणको सन्दर्भमा सोधिएका प्रश्नहरुको सम्बन्धित शाखा प्रमुखहरु र कार्यकारी अधिकृतवाट स्पस्ट जवाफ प्राप्त भयो तर प्राप्त नभएका विषयहरुमा लेखा परीक्षणको प्रतिवेदनमानै कैफियत गरिएको छ ।

२) संलग्न प्रतिवेदनमा कैफियत जनाईएको बुदाहरु बाहेक विभिन्न अनुदान, खर्च, धरौटिको आम्दानी तथा खर्च खाताहरु र आन्तरिक आयको आम्दानी खाता स्पस्ट हुने गरि राखिएको पाईयो ।

***आम्दानी खाताहरु***

- ✓ च.हि.नं. ग-४-१/०२ चालु आम्दानी खाता
- ✓ च.हि.नं. ग-४-२/०२ पूँजिगत आम्दानी खाता
- ✓ च.हि.नं. ग-४-३/०२ आन्तरिक आम्दानी खाता
- ✓ च.हि.नं. ग-४-५/०२ दातृ निकाय आम्दानी खाता

***खर्च खाताहरु***

- ✓ च.हि.नं. ग-२-१/०२ चालु खर्च खाता
- ✓ च.हि.नं. ग-२-२/०२ पुँजिगत खर्च खाता

***धरौटी खाता***

- ✓ च.हि.नं. ग-३/०२ धरौटी खाता

***विषेश खर्च खाताहरु***

- ✓ च.हि.नं. ग-५-१/०२ कर्मचारी कल्याण कोष खाता
- ✓ च.हि.नं. ग-५-२/०२ मर्मत सम्भार कोष खाता
- ✓ च.हि.नं. ग-५-३/०२ घुम्ती कोष खाता
- ✓ च.हि.नं. ग-५-४/०२ प्राकृतिक प्रकोप व्यवस्थापन खाता
- ✓ च.हि.नं. ग-५-५/०२ क्षमता विकास कोष खाता
- ✓ च.हि.नं. ग-५-६/०२ वातावरण विकास खाता
- ✓ च.हि.नं. ग-५-७/०२ शहरि गरिवी न्यूनीकरण कोष खाता

माथि उल्लेखित नगरपालिकाको नामबाट संचालन भएका बैंक खाताहरु नेपाल सरकारले तोकिदिएको राष्ट्रिय बाणिज्य बैंक, भद्रपुरवाट संचालन भएका छन् ।

३) यस नगरपालिकाले उठाउनु पर्ने बाँकी बक्यौता असुल उपर गर्न कार्ययोजना तयार गरि विषेश ध्यान पुर्याउनु पर्ने देखिन्छ जसको कैफियत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT

४) नगरपालिकाको आर्थिक प्रशासन नगदमा आधारित (Cash Basis) लेखाको आधारमा संचालन गरिएको देखियो । साथै वितिय विवरणहरु स्थानीय निकाय ( आर्थिक प्रशासन ) नियमावली २०६४ मा तोकिएका ढाँचामा नगदमा आधारित (Cash Basis) लेखाको आधारमा संचालन गरिएको पाईयो ।

५) यस नगरपालिकाले आर्थिक कारोवार संचालन गर्दा बैंक तथा नगद मौज्दात विवरण बैंक नगदी किताव अनुसारको विवरणमा भिडेको पाईयो जसको व्यहोरा खाता अनुसार प्रतिवेदनमा उल्लेख गरिएको छ ।

६) यस नगरपालिकाले लगत खडा गरी राखेको जिन्सी सामानहरुको स्थानीय निकाय ( आर्थिक प्रशासन ) नियमावली २०६४ को नियम २१४ अनुसारको जिन्सी मौज्दातको निरिक्षण गरि प्रतिवेदन प्राप्त भई सोमा उल्लेखित कैफियतहरुलाई कार्यान्वयन गरिएको पाईएन ।

७) यस नगरपालिकाले आर्थिक वर्ष २०७०/०७१ मा संचालन भएका योजनाहरु बार्षिक नगर परिषदले स्वीकृत गरे बमोजिम नै संचालित भएको देखिन्छ साथै कार्यान्वयन भएका योजनाहरु भौतिक रुपमा सम्पन्न भए/नभएका सम्बन्धमा योजनाहरुको स्थलगत निरिक्षण गरियो जसको विवरण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

८) नगरपालिकाले राजश्व, विनियोजन, जिन्सी तथा योजनाका कार्यक्रमहरु मार्फत कोषको संचालन गर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय स्वायत्त शासन आर्थिक नियमावली २०६४ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ सहित प्रचलित कानून बमोजिमको नीति, नियमका प्रावधान पालना गरी खर्च गरेको पाईयो

९) नगरपालिकाबाट संचालित बिभिन्न योजना तथा कार्यक्रमहरुमा भुक्तानी भएको पेश्कीहरु स्थानीय स्वायत्त शासन आर्थिक नियमावली २०६४ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार आवश्यक कागजातहरुको आधारमा भुक्तानी तथा फरफारक गर्ने गरिएको पाईएकोले प्रतिवेदनमा कायम पेश्की नियमानुसार म्याद भित्रै फछ्यौट नभएकोले कुल पेश्की अत्याधिक मात्रामा रहेको पाईयो ।

१०) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका चल/अचल सम्पतिहरुको आफ्नो श्रेस्तामा लगत खडा गरी राखेको पाईयो तर सो सम्पतिहरुको दुरुपयोग नहोस भन्नको लागि स्थायी योजना बनाएको पाईएन ।

शुसिल कुमार अग्रवाल
चार्टर्ड एकाउन्टेन्ट

S. K. AGRAWAL & CO.
Birtamode-7
Jhapa
CHARTERED ACCOUNTANT

# भद्रपुर नगरपालिका कार्यालय

भद्रपुर, झापा

## अन्तिम लेखापरीक्षण प्रतिवेदन

आ. व. ०७०/७१

| यस वर्षका जिम्मेवार पदाधिकारी र कार्यरत अवधि | | | |
|---|---|---|---|
| कार्यालय प्रमुख | | आर्थिक प्रशासन प्रमुख | |
| नाम र दर्जा | कार्यरत अवधि | नाम र दर्जा | कार्यरत अवधि |
| सुवास श्रेष्ठ | २०७० श्रावण देखि २०७१ जेष्ठ २६ सम्म | सुभाष भट्टराई | २०७० श्रावण देखि २०७१ आषाढ सम्म |
| सन्तोष घिमिरे | २०७१ जेष्ठ २६ गते देखि २०७१ आषाढ सम्म | सुभाष भट्टराई | |

## . आय तर्फ

| सि नं. | गौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| १ | | भद्रपुर नगरपालिका कार्यालयमा "ग" समूहका चालु, पूँजिगत, आन्तरिक तथा दातृ निकाय गरि जम्मा ४ वटा आम्दानी खाताहरु रहेका छन । (विवरण तल) | | | |

भद्रपुर नगरपालिका कार्यालयमा "ग" समूहका चालु,पूँजिगत,आन्तरिक तथा दातृ निकाय गरि जम्मा ४ वटा आम्दानी खाताहरु रहेका छन । जुन नेपाल सरकारको नियमानुसार फ्रिज नहुने खाताहरुको आम्दानी, खर्च तथा बाँकी मौज्दातको विवरण तपसिल अनुसार उल्लेख गर्न सकिन्छ ।

| सि.नं. | खाताको नाम | खाता नम्बर | आम्दानी रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | चालु आम्दानी खाता | ग-४-१/०२ | ३।१९ | ०।०० | ३।१९ |
| २ | पूजिगत आम्दानी खाता | ग-४-२/०२ | ४०,५०१,९९६।६२ | ३९,२०२,९५१।८२ | १,२९९,०४४।८० |
| ३ | आन्तरिक आम्दानी खाता | ग-४-३/०२ | ९,०१८,१५०।२० | ८,७२५,०००।०० | २९३,१५०।२० |
| ४ | दातृ निकाय आम्दानी खाता | ग-४-५/०२ | २५,०३१,४१३।२१ | २०,३४९,६२७।७३ | ४,६८१,७८५।४८ |
| ५ | विषेश खाताहरुको ट्रान्सफर बाहेकको आम्दानी/खर्च | ग-५ का खाताहरु | ५,१२०,८४७।३० | ३,१३२,६३१।०४ | १,९८८,२१६।२६ |
| जम्मा | | | ७९,६७२,४१०।५२ | ७१,४१०,२१०।५९ | ८,२६२,१९९।९३ |

बाँकी रु ८२,६२,१९९/९३ मध्ये ग-४ का खाताहरुमा नगदमा रु १,११,१८१/४४ तथा बैंकमा रु ६१,६२,८०२/२३ र ग ५ का खाताहरुमा रु १९,८८,२१६/२६ गरि बैंकमा जम्मा रु ८१,५१,०१८/४९ रहेको देखिन्छ जसको विवरण तपसिल अनुसारका आम्दानी तथा विषेश खर्च खाताहरुको खातागत विवरणमा उल्लेख गरिएको छ ।

S.K. AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANTS

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | **१.१ चालु आम्दानी खाता ( ग-४-१/०२) तर्फ** | | | |
| २ | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ३/१९ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | |
| | | **१.२ पूजिगत आम्दानी खाता ( ग-४-२/०२) तर्फ** | | | |
| ३ | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु १२,९९,०४४/८० बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको | | | |
| | | **१.३ आन्तरिक आम्दानी खाता ( ग-४-३/०२) तर्फ** | | | |
| ४ | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २,९३,१५०/२० मध्ये रु १,१०,७४६/१७ नगदमा तथा बैंकमा रु १,८२,४०४/०३ देखिएकोमा बैंक स्टेटमेन्टको विवरणमा रु २,१५,५३८/०५ रही विगतको लेखापरिक्षण प्रतिवेदन तथा बैंक हिसाव विवरण अनुसार<br>आ.व. ०६५/०६६ को मिति २०६५/०४/३१ मा रु ८,२७९/२१<br>आ.व. ०६५/०६६ को मिति २०६५/०४/३१ मा रु ३,३२७/३८<br>आ.व. ०६६/०६७ को मिति २०६७/०१/०७ मा रु ७४०/००<br>आ.व. ०६७/०६८ को मिति २०६७/०४/३१ मा रु १३,८८३/७८<br>आ.व. ०६७/०६८ को बैंकमा बढी भएको रकम रु ३/६५<br>आ.व. ७०/७१ को मिति २०७०/०९/२९ मा रु ३,०००/-<br>आ.व. ७०/७१ को मिति २०७०/०९/२९ मा रु ३,०००/-<br>आ.व. ७०/७१ को मिति २०७०/११/२० मा रु १,०००/-<br>आ.व. ७०/७१ को मिति २०७०/०९/१९ मा<br>बैंकबाट कमिशन कट्टी खातावाट घटाएको रकम (रु १००/- )<br>गरि ज़म्मा रु ३३,२३४/०२ बैंकमा खाता भन्दा बढी बैंक मौज्दात रहि सोमा कमिशन कट्टी रकम रु १००/- घटाउदा बढी हुने रकम रु ३३,१३४/०२ बढी रहेको देखिन्छ अतः सो रकम बेंक सँग समन्वयन गरि आम्दानी गर्नु पर्नेमा कैफियत गरिन्छ । | | | |

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANTS

| सि. नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|

भद्रपुर नगरपालिका कार्यालयमा "ग" समूहका चालु खर्च तथा पूँजिगत खर्च गरि जम्मा २ वटा मुख्य खर्च खाताहरु रहेका छन । जस खाताहरुको अलवा विभिन्न तपसिलमा उल्लेखित ७ वटा विषेश खाताहरु रहेका छन खाताहरुवाट आ.व. २०६९/०७० मा भएको बजेट खर्चको विवरण तपसिल अनुसार उल्लेख गर्न सकिन्छ ।

| सि.नं. | खाताको नाम | खाता नम्बर | मौज्दात तथा ट्रान्सफर आम्दानी रकम | बजेट खर्च रकम | खातामा रहेको बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ग-२-१/०२ | १७,९००,००४।७३ | १७९०००04।७३ | ०।०० |
| २ | पूजिगत खर्च खाता | ग-२-२/०२ | ३५,०८७,५७३।८२ | ३५,०८७,५७३।८२ | ०।०० |
| ३ | कर्मचारी कल्याण कोष विषेश खाता | ग-५-१/०२ | २,९१८,६७१।०७ | २९०००००।०० | १८,६७१।०७ |
| ४ | मर्मत सम्भार कोष विषेश खाता | ग-५-२/०२ | १०,०६५,००९।४५ | १००४१७९४।४२ | २३,२१५।०३ |
| ५ | स्थानीय विकास घुम्ती विषेश कोष खाता | ग-५-३/०२ | ३१२,१२३।०० | ५००००।०० | २६२,१२३।०० |
| ६ | प्रकोप व्यवस्थापन विषेश खाता | ग-५-४/०२ | ३,५४१,०००।०० | ३५१५५७५।६५ | २५,४२४।३५ |
| ७ | क्षमता विकास विषेश कोष | ग-५-५/०२ | १५३,३८०।०० | १४९१६०।०० | ४,२२०।०० |
| ८ | वातावरण विकास विषेश कोष | ग-५-६/०२ | १,११३,२८९।०० | १०९४४२४।०० | १८,८६५।०० |
| ९ | सामाजिक परिचालन विषेश कोष | ग-५-७/०२ | २,९४४,६९७।८१ | १३०९०००।०० | १,६३५,६९७।८१ |
| | जम्मा खर्च रकम | | ७४,०३५,७४८।८८ | ७२,०४७,५३२।६२ | १,९८८,२१६।२६ |

## २.१ चालु खर्च खाता ( ग-२-१/०२) तर्फ

- ➢ खाता अनुसार बैंक बाँकी रकम नदेखिएको तथा बैंक स्टेटमेन्टको विवरणमा समेत सोहि व्यहोरा देखिएको ।

१. ➢ चालु आ.व. २०७०/०७१ मा नगरपालिकाले विद्युत तथा टेलिफोन महशुलको विल भुक्तानी गर्दा निम्न भौचरहरुवाट जरिवाना समेत भुक्तानी गरेको पाईएको हुँदा जरिवाना वापतको रकम नियमित मान्न नसकिने हुनाले आर्थिक प्रशासन शाखावाट असुल गरि आम्दानी जनाउनु पर्ने रकम

| भौचर नं. | मिति | विवरण | भुक्तानी रकम | जरिवाना |
|---|---|---|---|---|
| ९९ | ०७०।०७।२४ | टेलिफोन महशुल | १०६७६।४५ | १२१।६८ |
| ११४ | ०७०।०७।२४ | टेलिफोन महशुल | ८७०४।६० | २८३।७३ |
| १७३ | ०७०।१०।२४ | टेलिफोन महशुल | ४२६४।९५ | २७०।३२ |
| १९४ | ०७०।११।२० | टेलिफोन महशुल | ४९४।९६ | १।९४ |

असुल गर्नुपर्ने: १०७८।८३ — जम्मा बेरुजु: १०७८।८३

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT

| सि.नं. | गो. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०४ | ०७०।१२।१० | बिद्युत महशुल | १२८०७।५२ | १५।३१ |
| २३३ | ०७१।०१।१७ | बिद्युत महशुल | ११८०७।१६ | ४४।६४ |
| २५१ | ०७१।०२।१५ | बिद्युत महशुल | १२७८८।७२ | ४८।१४ |
| २७५ | ०७१।०२।२१ | टेलिफोन महशुल | १३१५२।९७ | ७१।०५ |
| २९२ | ०७१।०३।२३ | बिद्युत महशुल | ५९००।०० | ८६।०२ |
| जम्मा खर्च रकम | | | ८०५९७।३३ | १०७८।८३ |

## २.२ पूँजिगत खर्च खाता ( ग-२-२/०२) तर्फ

| सि.नं. | गो. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | ➢ खाता अनुसार बैंक बाँकी रकम नदेखिएको तथा बैंक स्टेटमेन्टको विवरणमा समेत सोहि व्यहोरा देखिएको । | | | |
| २. | | ➢ अतिथि गृह मर्मत र रङ्गरोगनको लागि पटक पटक कार्यालयका जिन्सी उपशाखा प्रमुख ( खरिदार ) श्री गणेश श्रेष्ठलाई पेश्की दिई कार्यालयवाट अमानतमा काम भएको पाईएको हुँदा यस प्रकारको कार्य सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को प्रकृया पुरा गरि कार्य गर्नु गराउने व्यवस्था मिलाउनु पर्ने राय पेश गरिन्छ । | | | |
| ३. | | ➢ नगरपालिकाको कार्यक्रममा जिल्ला बाहिर प्लेनबाट यात्रा गर्दा अनिवार्य रुपमा बोरिङ्ग पास र ई. टिकट राख्नु पर्नेमा ई. टिकटको आधारमा कार्यक्रम भ्रमण खर्च फरफारक गरेको पाईएको हुँदा बोडिङ्ग पासको आधारमा मात्र भ्रमण खर्च फरफारक गर्नु गराउने व्यवस्थाको लागि राय पेश गरिन्छ । | | | |
| ४. | ७७-२०७०।०९।३० | मे. २ प. ७०२७ साईन मोटरसाईकल नविकरण गर्दा रु १३,०१६/- भुक्तानी गरेको रकम मध्ये रु २,८९६/- जरिवाना समेत भुक्तानी भएको पाईएकोले जरिवाना वापतको रकम नियमित खर्च मान्न सकिएन तसर्थ उक्त रकम ई. श्री योगेन्द्र रञ्जितकार वाट असुल उपर गर्नु पर्ने | | २८९६।०० | २८९६।०० |
| ५. | ९२-२०७०।११।१२ | २० औं नगर परिषदवाट रु ४४,०००/- अपाङ्ग विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएकोले सोहि बमोजिमको कार्यक्रम तयार गरि बजेट खर्च गर्नु पर्नेमा सो नगरि नेपाल अपाङ्ग संघको केन्द्रिय सभामा खाना खर्च भनि बिल समावेस नगरि रु १०,०००/- भुक्तानी भएको पाईएकोले उक्त रकम नियमित खर्च मान्न सकिएन तसर्थ अपाङ्ग विकास कार्यक्रम सञ्चालन गरि नियमित गर्नु पर्ने रकम | १००००।०० | | १००००।०० |
| ६. | १२८-२०७१।०१।१५ | पिसीवन कम्प्यूटरलाई कम्प्यूटर/प्रिन्टर मर्मत गरेको रु ६,३५०/- भुक्तानी गर्दा जिन्सी सम्बन्धी कागजातहरु खरिद आदेश तथा दाखिला प्रतिवेदन विना भुक्तानी भएको पाईएकोले उक्त रकम नियमित खर्च मान्न सकिएन तसर्थ आवश्यक कागजातहरु समावेश गरी नियमित गर्नु पर्ने | ६३५०।०० | | ६३५०।०० |
| ७. | १६६-२०७१।०२।२२ | जय खगेश्वरीलाई कम्प्यूटर/प्रिन्टर मर्मत गरेको रु ८४००/- भुक्तानी गर्दा जिन्सी सम्बन्धी कागजातहरु खरिद आदेश तथा दाखिला प्रतिवेदन विना भुक्तानी भएको पाईएकोले उक्त रकम नियमित खर्च मान्न सकिएन तसर्थ आवश्यक कागजातहरु समावेश गरी नियमित गर्नु पर्ने | ८४००।०० | | ८४००।०० |

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANTS

| सि.नं. | गो. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| ८. | १६७-२०७१।०२।२२ | पिसीवन कम्प्युटरलाई कम्प्युटर/प्रिन्टर मर्मत गरेको रु ६,२००/- भुक्तानी गर्दा जिन्सी सम्बन्धी कागजातहरु खरिद आदेश तथा दाखिला प्रतिवेदन विना भुक्तानी भएको पाईएकोले उक्त रकम नियमित खर्च मान्न सकिएन तसर्थ आवश्यक कागजातहरु समावेश गरी नियमित गर्नु पर्ने | ६२००।०० | | ६२००।०० |
| **२.३ कर्मचारी कल्याण कोष विषेश खर्च खाता ( ग-५-१/०२) तर्फ** | | | | | |
| ९. | | ➢ लेखापरीक्षण कार्य गरिएको। बेरुजु नदेखिएको।<br>➢ खाता अनुसार देखिएको बेंक बाँकी रकम रु १८६७१/०७ मध्ये बैंक स्टेटमेन्टको विवरणमा रु १७,९१३/९३ रही विगतको लेखापरिक्षण प्रतिवेदन अनुसार सो खातामा रु ७५७/१४ बैंकमा खातामा भन्दा कमी बैंक मौज्दात रहेको देखिन्छ अतः सो रकम बेंक सँग उचित समन्वयन गरि हिसाव मिलान गर्न कैफियत गरिन्छ। | | | |
| **२.४ मर्मत सम्भार कोष विषेश खर्च खाता ( ग-५-२/०२) तर्फ** | | | | | |
| १०. | | ➢ लेखापरीक्षण कार्य गरिएको।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २३,२१५/०३ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको | | | |
| ११. | ५१-२०७१।०२।२३ | खरिदार श्री गणेश श्रेष्ठ मार्फत कार्यालय सफाई गरेवापत ज्याला भुक्तानी गर्दा जेठा सतारको ९ दिनको उपस्थित हाजिरी गराई १० दिनको ज्याला भुक्तानी भएको पाइएकोले १ दिनको रु ३००/- निजवाट असुल गरि आम्दानी गर्नु पर्ने रकम | | ३००।०० | ३००।०० |
| १२. | ६३-२०७१।०३।२५ | खरिदार श्री उपेन्द्रनाथ पौडेल मार्फत सरकारी वकिल कार्यालय मर्मत गर्दा लेवर हाजिरी फारम भरि दस्तखत गराएर मात्र भुक्तानी गर्नु पर्नेमा सो नगरी भुक्तानी गरेको रु २,७००/- निजवाट असुल गरि आम्दानी गर्नु पर्ने रकम | | २७००।०० | २७००।०० |
| **२.५ स्थानीय निकाय घुम्ती कोष विषेश खर्च खाता ( ग-५-३/०२) तर्फ** | | | | | |
| १३. | | ➢ लेखापरीक्षण कार्य गरिएको। बेरुजु नदेखिएको।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २,६२,१२३/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको | | | |
| **२.७ प्रकोप व्यवस्थापन कोष विषेश खर्च खाता ( ग-५-४/०२) तर्फ** | | | | | |
| १४. | | ➢ लेखापरीक्षण कार्य गरिएको। बेरुजु नदेखिएको।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २५,४२४/३५ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको। | | | |
| **२.८ क्षमता विकास कोष विषेश खर्च खाता ( ग-५-५/०२) तर्फ** | | | | | |
| १५. | | ➢ लेखापरीक्षण कार्य गरिएको। बेरुजु नदेखिएको।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ४,२२०/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै | | | |

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT

| सि नं. | गो. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | रहेको देखिएको । | | | |
| **२.८ वातावरण संरक्षण कोष विशेष खर्च खाता ( ग-५-६/०२) तर्फ** | | | | | |
| १६. | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु १८,८६५/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | |
| **२.९ सामाजिक परिचालन कोष विषेश खर्च खाता ( ग-५-७/०२) तफ** | | | | | |
| १७. | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु १६,३५,६९७/८१ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको ।<br>➢ सामाजिक परिचालन कोष अन्तरगत गाँउ नगर साझेदारी विकास कोष तथा शहरि गरिवी न्यूनीकरण कोष अन्तरगत संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत आ.व. २०६५/६६ मा RUPP कार्यक्रमको लागि रु ५,००,०००/- शहरि गरिवि न्यूनीकरण कार्यक्रममा रु ५,००,०००/- र थप स्थानीय विकास शुल्क वापत ( ७३,४१,०००/- को १५ प्रतिशतले हुने रकम ) रु ११,०१,१५०/- र आ.व. ०६६/०६७ मा यूडिएलई मार्फत ऋण पूँजि कोषवापत रु ४,००,०००/- गरि जम्मा रु २५,०१,१५०/- मध्ये सो कार्यक्रममा सोहि उल्लेखित आ.व.हरुमा शहरि गरिवी न्यूनीकरण ऋण कोष र रुप कार्यक्रममा खर्च भएर हाल खातामा रु १६,३५,६९७/८१ बाँकी रहेको पाईन्छ सो रकममा नागरिक सचेतना केन्द्र ऋण पूँजिको रु ५,००,०००/- शान्ती समितिको रु १८,०००/- र बातावरण तालिम कार्यक्रमको रु ५०,०००/- गरि जम्मा रु ५,६८,०००/- कट्टी गरि गत आ.व. २०६८/६९ मा नगरपालिका कोषमा सापटि भुक्तानी भएको रकम रु ५,००,०००/- ( प्राप्त हुन बाँकी ) जोडदा हुन आउने रकम रु १५,६७,६९७/८१ रकम कार्यक्रमको बाँकी रहेको देखिन्छ तर तत सम्बन्धी आय व्यय खाता अनुसार देखिए पनि ऋण पूँजि अन्तरगत लगानी भएको र असुली भएको रकमहरु लेखा परीक्षण प्रतिवेदनमा समावेश गरिएको छैन । | | | |
| | | **जम्मा खर्च खाताहरुको बेरुजु रकम** | ३०९५०।०० | ६९७४।८३ | ३७९२४।८३ |

S.K.AGRAWAL & CO. CHARTERED ACCOUNTANT Birtamode-7 Jhapa

## ३. धरौटी

<table>
<tr><th>सि. नं.</th><th>भौ. नं. र मिति</th><th>विवरण</th><th>नियमित गर्नुपर्ने</th><th>असुल गर्नुपर्ने</th><th>जम्मा बेरुजु</th></tr>
<tr><td>१८.</td><td></td><td>
➢ आ.व. २०७०/०७१ को धरौटीको आर्थिक विवरण तथा धरौटी बाँकीको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा प्रस्तुत गरिएको छ। सन्क्षिप्त धरौटी विवरण तपसिल अनुसार रहेको देखिन्छ।
<table>
<tr><th colspan="3">आम्दानी तर्फ</th><th colspan="3">खर्च/बाँकी तर्फ</th></tr>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>आम्दानी रकम</th><th>सि.नं.</th><th>विवरण</th><th>खर्च/बाँकी रकम</th></tr>
<tr><td>१</td><td>गत सालको जिम्मेवारी सारिएको धरौटि</td><td>६१५४१८६।४८</td><td>१</td><td>सदर स्याहा धरौटि</td><td>२२३४०३७।१८</td></tr>
<tr><td>२</td><td>चालु आ.व.मा जम्मा भएको धरौटि</td><td>४८६७६००।४८</td><td>२</td><td>फिर्ता भएको धरौटि</td><td>१२१५८३३।८२</td></tr>
<tr><td colspan="2">जम्मा धरौटि आम्दानी रकम</td><td>११०२१७८६।९६</td><td></td><td>जम्मा धरौटि खर्च रकम</td><td>३४४९८७१।००</td></tr>
</table>
➢ खर्च नभई खाता अनुसार देखिएको बाँकी रहेको धरौटि रकम ( आम्दानी रु ११०२१७८६/९६- खर्च रु ३४४९८७१/०० ) रु ७५,७१,९१५/९६ मध्ये रु ०/०० नगद तथा बैंकमा रु ७५,७१,९१५/९६ देखिएकोमा बैंक स्टेटमेन्टको विवरणमा रु ७५,८५,२४९/२० रही विगतको लेखापरिक्षण प्रतिवेदन अनुसार<br>
आ.व. ०६१/०६२ सम्ममा — रु ६,५४३/५१<br>
आ.व. ०६२/०६३ मा — रु २,५२९/००<br>
आ.व. ०६४/०६५ को मिति २०६४/०५/०६ मा — रु ४,२००/००<br>
आ.व. ०६५/०६६ को मिति २०६६/०२/२१ मा — रु ५०/००<br>
आ.व. ०६५/०६६ को बैंकमा बढी भएको रकम — रु ०/०८<br>
आ.व. ०६७/०६८ को मिति २०६७/०५/०१ मा — रु १०/०८<br>
आ.व. ०६९/०७० को मिति २०७०/०३/११ मा — रु ०/५७ ( बैंकबाट चेकको रकम कम भुक्तानी )<br>
➢ गरि जम्मा रु १३,३३३/२४ बैंकमा खाता भन्दा वढी बैंक मौज्दात रहेको देखिन्छ अतः सो रकम बेंक सँग उचित समन्वयन गरि आम्दानी गर्नु पर्नेमा कैफियत गरिन्छ।
</td><td></td><td></td><td></td></tr>
</table>

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT

## ४. पेश्की

१९.

विगत आ.व.भौं यस आ. व. मा समेत गत विगतको विविध पेश्की रकमहरु फछ्र्यौटको अवस्था तपसिल अनुसार रहेको देखिन्छ ।

| सि. नं. | विवरण | रकम | | | | |
|---|---|---|---|---|---|---|
| | | गतको अल्या | गत पे. फ. | गतको बाँकी | चालु पेश्की | जम्मा बाँकी |
| | कर्मचारी तर्फ | २६५,५००।०० | २६५,५००।०० | ०।०० | १८१,०००।०० | १८१,०००।०० |
| १ | चालु खर्च खाता | ३४,५००।०० | ३४,५००।०० | ०।०० | ६,०००।०० | ६,०००।०० |
| २ | पूँजीगत खर्च खाता | २३१,०००।०० | २३१,०००।०० | ०।०० | ०।०० | ०।०० |
| ३ | मर्मत सम्भार कोष | ०।०० | ०।०० | ०।०० | ५,०००।०० | ५,०००।०० |
| ४ | वातावरण विकास कोष | ०।०० | ०।०० | ०।०० | ११०,०००।०० | ११०,०००।०० |
| ५ | सामाजिक परिचालन कोष | ०।०० | ०।०० | ०।०० | ६०,०००।०० | ६०,०००।०० |
| | पदाधिकारी तर्फ | ७१,६७९।५० | ०।०० | ७१,६७९।५० | ०।०० | ७१,६७९।५० |
| १ | चालु खर्च खाता | ७,१८५।०० | ०।०० | ७,१८५।०० | ०।०० | ७,१८५।०० |
| २ | पूँजीगत खर्च खाता | ६४,४९४।५० | ०।०० | ६४,४९४।५० | ०।०० | ६४,४९४।५० |
| | निर्माण व्यवसायी तर्फ | ४,२०२,१००।०० | ३,४१३,०००।०० | ७८९,१००।०० | १,३००,०००।०० | २,०८९,१००।०० |
| १ | चालु खर्च खाता | १२,१००।०० | ०।०० | १२,१००।०० | ०।०० | १२,१००।०० |
| २ | पूँजीगत खर्च खाता | १,८४६,०००।०० | १,०६९,०००।०० | ७७७,०००।०० | १,३००,०००।०० | २,०७७,०००।०० |
| ३ | मर्मत सम्भार कोष | २,३४४,०००।०० | २,३४४,०००।०० | ०।०० | ०।०० | ०।०० |
| | उपभोक्ता समिति तर्फ | १५,६६८,५१०।०० | १५,३५४,३०५।०० | ३१४,२०५।०० | ११,०६३,९५५।०० | ११,३७८,१६०।०० |
| १ | पूँजीगत खर्च खाता | १५,६६८,५१०।०० | १५,३५४,३०५।०० | ३१४,२०५।०० | ११,०६३,९५५।०० | ११,३७८,१६०।०० |
| | अन्य विविध संघ सस्था तर्फ | ७२,५००।०० | २२,५००।०० | ५०,०००।०० | ३०४,४९०।०० | ३५४,४९०।०० |
| १ | पूँजीगत खर्च खाता | ३२,५००।०० | २२,५००।०० | १०,०००।०० | १५४,४९०।०० | १६४,४९०।०० |
| २ | क्षमता विकास कोष | ४०,०००।०० | ०।०० | ४०,०००।०० | ०।०० | ४०,०००।०० |
| ३ | सामाजिक परिचालन कोष | ०।०० | ०।०० | ०।०० | १५०,०००।०० | १५०,०००।०० |
| | कुल जम्मा | २०,२८०,२८९।५० | १९,०५५,३०५।०० | १,२२४,९८४।५० | १२,८४९,४४५।०० | १४,०७४,४२९।५० |

माथि उल्लेखित गतको पेश्की बाँकी रकम रु १२,२४,९८४/५० मध्ये कोल्ड स्टोरेज निर्माण व्यवसायी सुनौला खिम्ती कन्ट्रक्सनको रु ६,००,०००/–, बधशाला निर्माण व्यवसायी पुस्पाञ्जली कन्ट्रक्सन प्रा.ली.को रु १,७७,०००/– गरि जम्मा रु ७,७७,०००/– पेश्की रकमको कार्य सम्पन्न गर्ने म्याद पटक पटक थप भई म्याद समाप्त नभएकोले बाँकी पेश्की ( १२,२४,९८४/५० – ७,७७,०००/– ) रु ४,४७,९८४/५० पेश्की म्याद नाघेको पेश्की रहेको देखिन्छ भने चालु आ.व.को बाँकी पेश्की रु १,२८,४९,४४५/– फछ्यौट हुने म्यादभित्रै रहेको पाईन्छ । अतः बाँकी पेश्की फछ्यौटको लागि ध्याकर्षण गराइएको छ ।जसको विस्तृत विवरण यसै साथ संलग्न तलको अनुसूचीमा प्रस्तुत गरिएको छ ।

०।०० ०।०० ०।००

S.K.AGRAWAL & CO. CHARTERED ACCOUNTANT Birtamode-7 Jhapa

५. जिन्सी

| | | | | |
|---|---|---|---|---|
| २०. | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको । | | | |

६. **योजना संचालन तर्फ**

| | | | | |
|---|---|---|---|---|
| २१. | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ यस नगरपालिकामार्फत संचालन भएका निर्माण तथा मर्मत सुधारका योजनाहरु निरिक्षण गर्दा प्राय योजनाहरु सम्झौतामा तोकिएको समय सिमा भित्र सम्पन्न नभई म्याद थप गरि योजना सम्पन्न गर्ने गराउने गरेको पाईयो अतः सम्झौतामा तोकिएको समय सिमा भित्र योजना फरफारक गराउन कार्यालय अग्रसर रहदै सञ्चालित योजनाहरु अनुगमन गर्दा नियमानुसार योजना स्थलमा राख्नु पर्ने योजनागत सूचना बोर्ड राखेको पाईएन अतः कार्यालयलाई सो को लागि ध्यानआकर्षण गराईन्छ ।<br>➢ साथै भारतिय राजदुतावासको सहयोगमा भद्रपुर नगरपालिका वार्ड नं. ५ मा निर्माणाधिन कोल्ड स्टोरेज भवन निमार्ण गर्न मिति २०६७/०८/२३ गते सम्झौता मार्फत मिति २०६८/११/२३ गते ( सम्झौताको १५ महिना ) कार्य सम्पन्न गर्ने गरि सुनौला खिम्ती निर्माण व्यसायीलाई जिम्मा दिएको पाईन्छ । उल्लेखित सम्झौता बमोजिम कार्य सम्पन्न नगरि विभिन्न बाहानामा कार्य सम्पन्न गर्ने म्याद मिति २०७१/०८/२९ गते सम्म पटक पटक गरि थप गर्दा समेत योजना सम्पन्न भएको नपाईएकोले स्थलगत योजना अनुगमन गर्ने क्रममा सम्बन्धित योजना स्थलमा गई निरिक्षण गर्दा मेशिनरी टुल्सहरुको कार्य नगरेको, बिधुतिय कार्यको सुरुवातनै नभएको, रङ्गरोगनको कार्य नभएको, थर्मकोलको काम अधुरो रहेको, सामान्य खिया लाग्ने फलामे पाईप प्रयोग भएको, ढोका, स्ट्रक्चर, फिनिसिङ्ग नभएको, साल काठको स्ट्रीप नलगाएको, वालको प्लास्टर पातालो भई जोडाई भएको ईटा बाहिरवाटै देखिने भएको, निर्माण कार्य गर्दा वालु, गिट्टी ईटा, तोकिए बमोजिम प्रयोग नभएकोले उक्त कोल्ड स्टोरेजको ठेक्का प्रक्रिया देखि निर्माण सम्पन्न भए सम्मको कार्यहरु नेपाल सरकारवाट तोकिएको सम्बन्धित निकायवाट निरिक्षण भए पश्चात प्राप्त प्रतिवेदनको आधारमा मात्र सो निर्माण कार्यको अन्तिम कार्य सम्पन्न प्रतिवेदनको रकम भुक्तानी गर्नु गराउनु पर्ने देखिन्छ । | | | |
| | आर्थिक वर्ष २०७०/०७१ को कुल बेरुजु रकम | ०।०० | ०।०० | ०।०० |

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | १.३.१ | **आन्तरिक आयका शिर्षक एवम् उपशिर्षकहरु तथा बक्यौता सम्बन्धमा :** | | | |
| | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको । | | | | |
| ५ | | विगत कैयौं आ. व. देखि नगरपलिकामा विभिन्न ठेक्का कर, टहरा पसल भाडा व्यापार व्यवसाय कर, एकिकृत सम्पति करहरु आदिको ठुलो रकम बक्यौता देखिएको एवम् आ. व. ०७०/७१ को रकम समेत ठुलो बक्यौता देखिएको हुंदा कार्यालयले विशेष पहल गरी रकम असुल उपर गर्न सके नगरपालिकाको आन्तरिक आय रु ५९,९९,४०३/१९ ले बढ्न जाने देखिएको हुंदा तत्सम्बन्धमा अविलम्व पहल गर्नुपर्ने यस सम्बन्धी अन्य विवरण राजश्व शाखा अन्तरगत प्रमाणित रहेको विवरण लामो हुने भएकोले यसमा समावेस नगरिएको । | | | |

| विवरण | ०७०/७१ सम्मको बक्यौता |
|---|---|
| आय ठेक्का बक्यौता | १६३७८११।४१ |
| पसल कोठा भाडा बक्यौता | १८३६२४।५७ |
| व्यापार व्यवसाय कर बक्यौता | १२३६२११।०० |
| एकिकृत सम्पति कर बक्यौता | १०२८१३२।३१ |
| विज्ञापन कर बक्यौता | ०।०० |
| जग्गा मासिक कर बक्यौता | १३६९१९९।९० |
| बहाल कर बक्यौता | १६२८२४।०० |
| मनोरञ्जन कर बक्यौता | ३८१६००।०० |
| जम्मा | ५९९९४०३।१९ |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | **१.४ दातृ निकाय आम्दानी खाता ( ग-४-५/०२) तर्फ** | | | | |
| ६ | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ४६,८१,७८५/४८ मध्ये रु ४३५/२७ नगदमा तथा बैकमा रु ४६,८१,३५९/२१ बैंक स्टेटमेन्टको विवरण अनुसारनै एस.वि.आई बिर्तामोडमा रु १,०४,४८८/६० तथा रा.वा.बैंक भद्रपुरमा रु ४५,७६,८६१/६१ रहेको देखिएको । | | | | |
| | | **जम्मा आम्दानी खाताहरुको बेरुजु रकम** | ०।०० | ०।०० | ०।०० |

२. **व्यय तर्फ**

S.K.AGRAWAL & CO. Birtamode-7 Jhapa CHARTERED ACCOUNTANT